नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरबार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

## सार्वजनिक सूचना

नेपाल सरकार कृषकलाई अनुदानमा रासायनिक मल उपलव्ध गराउने नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा प्रतिवद्ध रहँदै स्रोतको उपलव्धताको आधारमा मलको आपूर्ति तथा वितरणलाई सहज एवं व्यवस्थित बनाउन हरदम प्रयासरत रहे अनुरुप हाल देशभर सामान्य रुपमा मलको विक्री वितरण कार्य भै रहेको छ। यसै सन्दर्भमा, नजिक आइरहेको वर्षे धान बालीको सिजनमा रासायनिक मलको माग र खपत अधिक हुने हुँदा यसलाई लक्षित गरि समयमा नै मल आपूर्ति गर्न मन्त्रालय कृयाशिल रहेको भएता पनि जारी पश्चिम एसिया द्धन्दको कारण सम्झौता भइ सकेको करिव १ लाख ८५ हजार मेट्रिक टन मलको आपूर्ति हुन नसकेको एवं आगामी दिनमा अन्तर्राष्ट्रिय बजारबाट मल खरिद तथा आपूर्तिमा समस्या आउन सक्ने देखिएकोले मल आपूर्तिको बैकल्पिक उपायहरुमा मन्त्रालयले काम गरिरहेको छ।

नेपाल सरकारले रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ को प्रावधान अनुसार रासायनिक मलको उत्पादन, आयात, विक्री-वितरण, भण्डारण तथा गुणस्तर नियन्त्रण सम्वन्धमा नियमन गर्दै आईरहेको छ। उक्त आदेशको दफा ५ को उपदफा १ मा "नेपाल भित्र पैठारी वा उत्पादन गरिने रासायनिक मलको स्पेशिफिकेशन अनुसूची -१ मा उल्लेख भए बमोजिम हुनेछ।" भन्ने व्यवस्था रहेको र सोही अनुसूचीमा तोकिएका रासायनिक मल, तत्वीय संरचना, न्यूनतम/अधिकतम पोषक तत्वको मात्रा, भौतिक तथा रासायनिक गुणस्तर भएको मल मात्र पैठारी एंव बिक्री वितरण गर्न पाइने व्यवस्था रहेको छ।

मल अभावको समयमा विभिन्न तत्वहरुले बजारमा कमसल मल विक्री वितरण गर्ने तथा सरकारले अनुदानमा उपलव्ध गराएको मलको कालोबजारी गर्ने लगायतका कार्य गर्न सक्ने सम्भावना भएकोले उक्त आदेशको अनुसूची -१ मा उल्लेख भए बमोजिमको स्पेशिफिकेशन अनुसारको मल कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडका विक्री कार्यालय तथा डिपोबाट वा मल आयातकर्ता वा डिलरको रुपमा दर्ता भएको विश्वासिलो स्रोतबाट मात्र खरिद गर्नु हुन सवै कृषक महानुभावमा अनुरोध गरिन्छ। साथै बजारमा पाइने रासायनिक मलको मूल्य, स्रोत एवं गुणस्तरको बारेमा मल विक्रेतासंग आवश्यक सोधिखोजि गरि गुणस्तर यकिन गरि मात्र मल खरिद गर्नु हुन र केही कैफियत देखिएमा सम्वन्धित स्थानीय तह, जिल्ला प्रशासन कार्यालय एवं कृषिका निकायहरुमा जानकारी गराउनु हुन अनुरोध गरिन्छ।

साथै मल आयातकर्ता एवं डिलरहरुले रासायनिक मल नियन्त्रण आदेशमा उल्लिखित रासायनिक मलको स्पेशिफिकेसन अनुसारका मलहरुको मात्र कारोबार गर्न, सो बाहेकका मलको पैठारी तथा मिश्रण विक्रि वितरण नगर्न र आदेशको प्रावधान विपरित गलत विवरण तथा लेवल राखी रासायनिक मल विक्रि वितरण नगर्न जानकारी गराइन्छ। यो सूचना र उक्त आदेशको प्रतिकूल हुने गरि मलको कारोबार गरेको पाइएमा रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ र प्रचलित कानून बमोजिम कारबाही हुने व्यवहोरा पनि जानकारी गराइन्छ।

मिति: २०८३/०१/२८

ईमेल: info@moald.gov.np, वेवसाईट: www.moald.gov.np